**TAMU (GURUNG) CULTURE FORUM-UK**
**(ESTD: MARCH 2017)**

## प्रस्तावना

गुरुङ (तमू) साँस्कृतिक मञ्च, यूकेको स्थापना **सन् मार्च २०१७** मा (अनौपचारिक रुपमा नोभेम्बर २०१२ मा) गुरुङ (तमू) सम्पदा संरक्षण गर्ने उद्देश्यले भएको हो । गुरुङ (तमू)हरू नेपालको मध्य भागको सिरानमा फैलिएको अन्नपूर्ण र लम्जुंग हिमश्रृंखलाको काखमा वसोवास गर्ने प्रसिद्ध र गौरवशाली जाति हुन् । गुरुङ (तमू)का पुर्खाहरू रोजगारी र शिक्षाको खोजीमा तथा अन्य विविध कारणवश विस्तारै गन्डकी उपत्यका वाहिर निस्किएर नेपाल भरि फैलिए । विस्तारै देशको सीमा नाघेर भारत, भूटान, बर्मा, हङकङ, बेलायत, अमेरिका, अष्ट्रेलिया, क्यानाडा, जापान र युरोप लगायतका अरू देशमा पनि पुगे । विश्वभरि छरिए पनि गुरुङ (तमू)हरू भावनात्मक रुपले एक छन् । नातेदारी र पारिवारिक सम्बन्धले बाँधिएका छन् । विभिन्न संघ–संस्थाहरु स्थापना गरि आफ्नो परम्परा, सम्पदा र सँस्कृतिको संरक्षण एवं जगेर्णामा क्रियाशील छन् । नेपालको विभिन्न भू–भागबाट आएका कारण गुरुङ-तमूहरुको सँस्कृति, परम्परा र रहनसहनमा ठाउं तथा क्षेत्र अनुसार केहि भिन्नताहरू पाईन्छ । उनीहरुबीचको यो साँस्कृतिक विविधता विदेशमा बेला बखत आयोजना हुने कार्यक्रमहरूमा सार्वजनिक हुने गरेको पाईन्छ । तमूहरुको आफ्नै प्रकारका जन्म, विवाह र मृत्यु संस्कारहरू छन् । गुरुङ-तमूको इतिहास, ल्होछार/ल्होसार, पितृ पूजा, ट्होत्हें पुजा, {तुर्गु (चैत्र) र मुर्गु (श्रावन)} दशैं र तिहार आदि जस्ता पर्वहरू मनाउने चलनमा पनि थोरबहुत् विविधता छ । यसैले, उनीहरूलाई भावनात्मक र साँस्कृतिक रुपले एकीकृत गरी साझा तमू पहिचानको विकास गर्नु अत्यन्त आवश्यक छ ।

गुरुङ, (तमू) समुदायको दिन् प्रतिदिन लोप हुंदै गईरहेको आफ्नो संस्कार, संस्कृति र इतिहांस जगेर्णा गर्ने उद्देश्य लिएर तमू धीँ यूके र तमू प्हे ल्हू संघ यूकेको सहयोगमा बेलायतमा संगठित ७४ वटै तमू संघ–संस्थाहरूलाई समेटी समय अनुकुल सबै तमूहरूलाई मान्य हुने गरी साझा तमू सँस्कार र परम्परागत विधिहरुको सूचि **" तमू (गुरुङ) सम्पदा त्रि-भाषीय पुस्तक"** तयार पारिन्दै छ । तमू जातिको सँस्कार र साँस्कृतिकहरूमा एकरुपता हुनेगरि सम्पन्न गर्ने उपयुक्त एवं व्यवहारिक विधिहरु पहिल्याउने उद्देश्यले यो प्रयास अघि बढाइएको हो । बेलायतमा सक्रिय गुरुङ, (तमू) संस्थाहरु आफ्नो सँस्कारको मानकीकरण गर्ने र लचकतापूर्ण विधिहरु पहिल्याउँदै त्यसको संरक्षण गर्ने विषयमा एकमत छन् । आफ्नो इतिहास, पहिचान, परम्परा र सँस्कृतिमा कुनै प्रकारको विचलन नआवोस् भन्नेमा पनि तमूहरू सचेत छन् ।

## लक्ष्य

मार्च महिना २०१७ मा भएको गुरुङ, {तमू} साँस्कृतिक मञ्च, यूकेको पहिलो परामर्श वैठकमा **" तमू (गुरुङ) सम्पदा त्रि-भाषीय पुस्तक " गुरुङहरुको इतिहास, संस्कृति,भाषा र सभ्यता,** प्रकाशनको दिशामा अहिलेसम्म भएको प्रगतिबारे छलफल गरि सभाको निर्णय अनुसार यस कार्यलाई अगाडी बढाउदै लैजाने लक्ष लिईयो। यो पुस्तक प्रकाशन तमू–गुरुङ सँस्कृतिको जगेर्णा गर्ने अभियानमा एउटा महत्वपूर्ण प्रयास हुनेछ ।

गुरुङ (**दिन-दिनै प्रयोग गर्ने अती आवस्यक शब्दहरू र वाक्यहरू मात्रै**), नेपाली र अङ्ग्रेजी गरी तीन भाषामा प्रकाशन हुने यो पुस्तकले विश्वभरि छरिएर रहेका तमू–गुरुङहरूलाई आफ्नो जातिको इतिहास र सँस्कृति बुझ्नमा मद्दत गर्नुको साथै सम्पूर्ण गुरुङ (तमू) हरूलाई आफ्नो सँस्कृति संरक्षण गर्न र भावी पुस्तालाई हस्तान्तरण गर्न पनि प्रेरित गर्नेछ । **"ङ्योई आल्स्याँ खबइ लब तमूमै, तोखो आल्स्याँ खयों लब तमूमै" (हामीले नगरे कसले गर्ने गुरुङहरुहो र अहिले नगरे कहिले गर्ने गुरुङहरुहो )।**


**Contact UK: 00 44 7766462325 or 00 44 7735413073**
**Email: projectadmin@tamuculturalforum.org.uk**
**Website: www.tamuculturalforum.org.uk**





## PREAMBLE

The Tamu (Gurung) Culture and customs Forum-UK was officially founded in **March 2017** (unofficially in Nov 2012) to preserve the heritage of the Tamu people. We, the Tamu (Gurung) people are a prominent and proud race from the slopes of the Annapurna and Lamjung Himalayan Range in Central Nepal. The ancestors of the Gurungs migrated out from the Gandaki Basin in search of jobs and education, and have settled all over Nepal. Many have since moved on to India, Bhutan, Burma, Hong Kong, United Kingdom (UK), America, Australia, Canada, Japan, Europe and other countries. Despite this, the Tamu (Gurung) Diaspora is closely-knit by family and kinship ties, as communities and association work to preserve its indigenous heritage and culture. Because they have come from various parts of Nepal, where the culture and customs of the Gurung people vary from place to place, there is a need to bring them together under one common Tamu identity. These differences come to the fore mainly when international Tamu communities from various regions and villages gather together. The Gurung (Tamu) people mark births, marriages, deaths as well as history, festivals such as Tamu Lhochhar/Lhosar, Pitri Puja, Tohte Puja {Targu (Chaitra) and Margu (Srawan)}, Dashain and Tihar with various customs.

In order to forge unity through this diversity, the Tamu (Gurung) Cultural Forum-UK, Tamu Dhee Association UK (TDUK) and Tamu Pye Lhu Sangh UK (TPLS UK) are working together to set a more standard set of cultural norms, customs and traditions that accommodate all **74 Tamu (Gurung) organisations** in the UK. The aim is to unify and preserve a more appropriate and pragmatic approach to these practices in the UK and globally. The Gurung (Tamu) organisations in the UK understand that while trying to standardize and build a more flexible set of history, culture and customs, it is also important to preserve them and stem the erosion of this culture.

## AIM

The main aim of Tamu (Gurung) Culture and Customs Forum-UK's first consultation meeting held in March 2017 was to discuss and compile a Gurung Trilingual Book entitled **'' Tamu (Gurung) Heritage Trilingual Book'' – Gurungs' History, Culture, Language and Civilisation of the Gurung people.** This piece of work was to be called **Project Millennium** – a flagship undertaking to preserve and maintain the Tamu (Gurung) culture and Customs.

The book will be in Gurung dialect **(only the most essential words, phrases and sentences of everyday use),** Nepali and English language and will help Tamu people worldwide to understand and identify with the Gurung history and culture, and work in its conservation so that future descendants can benefit. **''Jai Tamumei''**

Note: यो "**गुरुङ सम्पदा त्रि-भाषीय पुस्तक " Gurung (Tamu) Heritage Trilingual book Project Millennium** को लागि चाहिने आर्थिक सहयोग **£100 December 2021** सम्ममा सहयोग गर्नु हुन सम्पूर्ण तमू समाजहरुका अध्यक्षज्युहरु साथै देश तथा विश्वभरि छरिएका गुरुङ-(तमू) महानुभाव हरुलाई तमू सांस्कृति मंच युके हार्दिक अनुरोध गर्द छ । ग्यासजे ।

**जय तमूमै**